# लोक सेवा आयोग

### परीक्षा महाशाखा

## लिखित परीक्षा नतिजा प्रकाशन इकाई

### सूचना नं. २०२/०६९-०७०

मितिः- २०६९/६/२४

आयोगको वि.नं. २५८८-२५९३/०६८-६९, नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको विद्यालय निरीक्षक पदका परीक्षार्थी श्री अन्तिमा कुमारी सिन्हा र श्री इन्दीरा ढकाल गौतम लिखित परीक्षाबाट उत्तीर्ण भएको सन्दर्भमा छानविन गर्दा उत्तीर्ण परीक्षार्थी श्री अन्तिमा कुमारी सिन्हा र श्री इन्दीरा ढकाल गौतमका आफ्नै नातेदार क्रमशः बाबु श्री रामस्वरुप सिन्हा र पति श्री सूर्यप्रसाद गौतमबाट लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०६७ को अनुसूची १९ को उत्तरपुस्तिका परीक्षण गरी पठाउने अनुरोध पत्रको बुँदा नं. ८ मा "परीक्षणकर्ताको कुनै नातेदारले सो परीक्षा दिएको भए सिलबन्दी रुपमा नै उत्तरपुस्तिका परीक्षण नगरी फिर्ता गर्नु पर्नेछ।" भन्ने स्पष्ट रुपमा उल्लेख भएको प्रावधान विपरित आफ्नै नजिकका नातेदार क्रमशः छोरी र श्रीमतीले परीक्षा दिएको अवस्थामा समेत सो पदको उत्तरपुस्तिका परीक्षण गरेको देखिदा नियतवस नै उत्तरपुस्तिका परीक्षण गरेको भन्ने अर्थ गर्न सकिने अवस्था रहेको र सो पदको परीक्षाको प्रश्नपत्र परिमार्जन कार्यमा समेत निजहरु संलग्न रहेबाट परिस्थितिजन्य प्रमाणबाट समेत उल्लेखित दक्षहरुको नियत सफा रहेको भन्न सकिने अवस्था नहुँदा उल्लेखित परीक्षार्थीहरुलाई सघाउ पुग्ने ढँगबाट आयोगको निष्पक्षतामा आँच आउने गरी भएको उल्लेखित कार्यका आधारमा निज परीक्षार्थी क्रमशः श्री अन्तिमा कुमारी सिन्हा र श्री इन्दीरा ढकाल गौतमको उक्त परीक्षा रद्द गर्ने भनी लोक सेवा आयोगबाट मिति २०६९/०६/२४ मा निर्णय भएकोले उपर्युक्त दुवै परीक्षार्थीहरुको उल्लिखित परीक्षा रद्द गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(सूर्यनाथ कोइराला)
उपसचिव